नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

पत्र संख्या:-०७८।७९

मिति २०७८।१०।०४

## कपिलवस्तुका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

कोभिड -१९ को बढ्दो विषमतालाई मध्यनजर गर्दै यस कार्यालयबाट मिति २०७८।०९।२९ मा आदेश जारी गरिएको थियो। कोभिड-१९ को महामारीको फैलावटलाई कम गर्न हाम्रो क्रियाकलाप/ आनीबानीमा आवश्यक अनुकूल जरुरी रहेको ठानी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०९।३० को निर्णय तथा जिल्ला कोभिड व्यवस्थापन समिति र जिल्ला सुरक्षा समितिको मिति २०७८।१०।०४ को निर्णय समेतका आधारमा देहायको आदेश जारी गरिएको र सो को पालना सबैबाट हुन आव्हान गरिन्छ।

१. सबै प्रकारका आमसभा, जुलुस, सभा, भेला वा धेरै मानिस भेला हुने क्रियाकलाप संवत् २०७८ साल माघ मसान्तसम्म संचालन नगर्ने।

२. गोष्ठी, सेमीनार, समीक्षा, बैठक, जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रुपमा उपस्थित भई गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी र एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएका बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी संचालन गर्ने। साथै त्यस्ता क्रियाकलाप संचालन गर्दा संवत् २०७८ साल माघ ७ गते पश्चात त्यस्तो कार्यक्रममा खोपको पूरा मात्रा लगाएका व्यक्तिहरु मात्र उपस्थित हुने गरी गर्ने।
<u>स्पष्टिकरण</u>: यस आदेशको प्रयोजनको लागि "एन्टिजेन परीक्षण" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत वा सूचीकृत एन्टिजेन, र्‍यापिड एन्टिजेन वा र्‍यापिड एन्टिजेन(सेल्फ टेस्टिङ) परीक्षण -सम्झनु पर्छ।

३. सिनेमा हल, डान्स बार, दोहीरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, पटके हाटबजार र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल माघ १५ गतेसम्म संचालन नगर्ने।

४. सार्वजनिक स्थानहरु (कार्यालय, होटल, रेष्टुरेण्ट, कभर्डहल, स्वीमिङ पुल,पार्क आदि) मा प्रवेश गर्दा यही माघ ७ गते देखि कोभिड - १९ विरुद्धको खोप लगाएको कार्ड (मोबाइलमा फोटो भएपनि हुने) साथमा राख्ने र यस्ता सबै निकायहरुले खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था गर्ने / गराउने।

५. कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको सिफारिसमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना बमोजिम २०७८ माघ १५ गतेसम्म भौतिक उपस्थितिमा पठनपाठन संचालन नगर्ने, नगराउने र पूर्व निर्धारित सेमेष्टर र वार्षिक परिक्षाहरुको हकमा स्वास्थ्य मापदण्ड पालना हुने गरी जेड (Z) आकारमा बसाई परिक्षा सम्पन्न गर्ने / गराउने।

६. विद्यालय, कलेजका पूर्व निर्धारित परीक्षा, जनशक्ति भर्नाका परीक्षा, वैदेशिक रोजगारीका लागि सञ्चालन गरिने विदेशी भाषा परीक्षा साथै सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने।

७. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल माघ मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने।

८. सपिङ मल, डिपार्टमेण्ट स्टोर, सुपर मार्केट वा अन्य प्रकारका पसल एक पटकमा पच्चीस जना भन्दा बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक रुपमा नछुने, दुई व्यक्तिको बीचमा कम्तीमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक-पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी सञ्चालन गर्ने। जनस्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्ने / गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालकको हुने।

९. पार्टी प्यालेसमा एक पटकमा कुल क्षमताको बढीमा एक- तिहाईमा नबढ्ने गरी बढीमा पचास जना मात्र उपस्थित रहने तथा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीबाट पूर्व स्वीकृति लिई विवाह, ब्रतबन्ध, न्वारन, पास्नी ,

धार्मिक अनुष्ठान, मृत्यु संस्कार लगायतका अत्यावश्यक परम्परागत धार्मिक, सांस्कृतिक, सामाजिक वा अन्य कार्यक्रम सञ्चालन गर्ने ।

१०. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

(ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने ,

(ग) सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

(घ) चालक तथा सहचालकले मास्क र फेस- सिल्ड लगाउनु पर्ने,

(ङ) सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने,

(च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने,

(छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

(ज) लामो दूरीमा चल्ने सार्वजनिक यातायातमा बीचबाटोमा थप यात्रु नचढाउने गरी सुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (डिसिसिएमसि) लाई उपलब्ध गराउने ।

(झ) लामो दूरीमा चल्ने सार्वजनिक यातायातका यात्रुहरुलाई सम्भव भएसम्म एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने ।

११. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

१२. होटेल तथा रेष्टुरेण्टले देहायबमोजिमका मापदण्ड पालना गरी सेवा दिने :-

(क) होटेल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रुपमा मास्क, फेस- सिल्ड र पञ्जा लगाउने ,

(ख) होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,

( ग) कुल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नु पर्ने,

( घ) सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

( ङ) होटेल तथा रेष्टुरेण्ट निसङ्क्रमित गर्नु पर्ने,

( च) होटेल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने,

( छ) संवत् २०७८ साल माघ ७ गते पछि खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीलाई मात्र खोप कार्डको आधारमा होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्न दिने ।

( ज) होटेलले चेक-इन गर्दाको अवस्थामा वा चेक -इन गरेको २४ घण्टा भित्र आफ्नो होटेलमा बास बस्न प्रत्येक ग्राहकको एन्टिजेन परीक्षण गर्ने, त्यसपछि प्रत्येक ७२ घण्टामा एन्टिजेन परीक्षण गर्ने र सोको विवरण डिसिसिएमसीलाई उपलब्ध गराउने ।

१३. राष्ट्रिय राजमार्गहरुमा सञ्चालित होटेल तथा रेष्टुरेण्टहरुले बुँदा नं. १५ को खण्ड (छ) बाहेकका जनस्वास्थ्यका अन्य मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

१४. सबै प्रकारका व्यवसायहरुको अग्रपङ्क्तिको काउन्टरमा रही काम गर्ने र ग्राहकलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय वा संस्थाले हप्ताको दुई पटक एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएका व्यक्तिलाई मात्र काममा खटाउने ।

१५. जुनसुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को चिह्न वा लक्षण देखिएमा अनिवार्य रुपमा पाँच दिन क्वारेन्टिनमा बस्ने र ५ दिन पछि कोभिड-१९ परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा आउने

१६. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणालीमार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

१७. नियमित रुपमा सञ्चालन हुनु पर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने ।

१८. संस्थाको साधारण सभा वा बैठकमा भर्चुअल र भौतिक उपस्थितिलाई समेत गणपूरक सङ्ख्या मान्ने र सम्बन्धित संस्थाको गणपूरक सङ्ख्या सम्बन्धमा भर्चुअल उपस्थितिलाई समेत गणपूरक सङ्ख्यामा गणना गर्ने गरी व्यवस्था गर्ने ।

१९. जुनसुकै सार्वजनिक संस्थाको पदाधिकारी वा कर्मचारी कोभिड-१९ बाट सङ्क्रमित भएमा अस्पताल बसेकोमा अस्पतालबाट डिस्चार्ज भएको तीन दिनसम्म तथा होम आइसोलेसनमा बसेकोमा सात दिनसम्मको लागि र कन्ट्र्याक्ट

ट्रेसिङमा परेकोमा सम्बन्धित सुरपरिवेक्षकको अनुमति लिई कोभिड-१९ परीक्षण नगरेसम्म बढीमा पाँच दिनसम्मको लागि निजको संचित वा पाउने बिदाबाट कट्टा नहुने गरी बिदा जनाउने।

२०. कोभिड-१९ को बढ्दो संक्रमणलाई दृष्टिगत गरी घर बाहिर वा सार्वजनिक स्थलमा निस्किदा सबैले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने, समय समयमा साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका स्वास्थ्य सम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने/गराउने, उक्त कार्यमा वडा कार्यालय/ पालिकाहरुले नेतृत्वदायी भूमिका निभाउने र आवश्यकता अनुसार नजिकका सुरक्षा निकाय तथा प्रशासनको सहयोग लिने।

२१. यही माघ ७ गते देखि जिल्लाभित्रका सबै सार्वजनिक निकायमा सेवा प्राप्त गर्न खोप कार्ड (मोबाइलमा फोटो भएपनि हुने) अनिवार्य गर्ने / गराउने।

२२. स्वास्थ्य कार्यालयले स्थानीय तहसँग समन्वय गरी कृष्णनगर, खुनुवा, चाकरचौडा तथा अन्य सार्वजनिक स्थानहरुमा आवश्यकता अनुसार निंशुल्क एन्टिजेन टेस्ट बुथहरु स्थापना गर्ने र नियमित परीक्षण गर्ने/ गराउने।

२३. सार्वजनिक सेवा प्रवाहलाई सम्भव भएजति अनलाईन र जुम माध्यमबाट सेवा प्रवाह गर्ने, भौतिक रुपले सेवा गर्नुपर्ने तथा सेवाग्राहीको बढी चाप हुने कार्यालयहरु (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, यातायात व्यवस्था कार्यालय, आन्तरिक राजश्व कार्यालय, बैंक तथा वित्तीय संस्था, स्थानीय तहको कार्यालयहरु आदि) मा भिडभाड नहुने गरी र आवश्यकता अनुसार टोकनप्रणाली अबलम्बन गरी कार्यालय प्रमुखले सेवा प्रवाहको प्रबन्ध मिलाउने।

२४. औषधि लगायत अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा कृत्रिम अभाव सृजना गर्ने, मूल्य वृद्धि गर्ने, लुकाउने, जम्माखोरी गर्ने, सहज आपूर्तिमा अवरोध गर्ने व्यक्ति वा संस्था उपर कानून बमोजिम कारवाही गरिने।

२५. लक्षण देखिएका वा साधारण लक्षण देखिएका विरामीको हकमा होम आईसोलेसनलाई प्राथमिकता दिने र सम्बन्धित पालिकाका नजिकका स्वास्थ्य संस्थाबाट अवस्थाको जानकारी अद्यावधिक गरी जनस्वास्थ्य कार्यालय र सम्बन्धित निकायमा प्रतिवेदन गर्ने। साथै जटिल विरामीलाई तोकिएका कोभिड-१९ अस्पतालमा उपचारको व्यवस्था मिलाउन वडा तथा पालिकाले समन्वय गर्ने।

२६. कृष्णनगर नाका लगायत अन्यत्रबाट नेपाल प्रवेश गर्ने यात्रुले हेल्थ डेस्कमा गई स्वास्थ्य परीक्षण गराउन र स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्नु / गराउनु पर्नेछ। सम्बन्धित स्थानीय तहले हेल्थ डेस्क संचालन/ व्यवस्थापन गर्ने।

२७. कोभिड-१९ को सम्भावित तेस्रो लहरबाट जोगिन उपयुक्त स्वास्थ्य सतर्कता अपनाउने र जनस्वास्थ्य मापदण्डको कडाईका साथ पालन गर्न / गराउन खोप लगाउन बाँकी रहेका व्यक्तिले नजिकको खोप केन्द्रमा गई खोप लगाउने सम्बन्धी सूचना प्रकाशन तथा प्रसारणका लागि जिल्लास्थित सबै स्थानीय तह, स्वास्थ्य कार्यालय,संचार माध्यमहरुलाई विशेष अनुरोध गरिएको छ।

२८. यस आदेश पालनाको लागि सर्वसाधारण नागरिक स्थानीय तहहरु, राजनीतिक दलहरु, संघ/ संस्था उद्योग/ व्यवसायी तथा अन्य सम्बन्धित सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ। साथै जिल्लाका सबै सञ्चारमाध्यमहरुले प्रचारप्रसार गरिदिनु हुन समेत अनुरोध गरिन्छ।

२९. यस आदेशमा उल्लेख भए बाहेकका अन्य सेवा वा कार्यसँग सम्बन्धित निकाय, सार्वजनिक, निजी, गैरसरकारी संघसंस्था, कल कारखानाले त्यस्तो सेवा वा कार्य सञ्चालन गर्दा गराउँदा जनस्वास्थ्यका मापदण्ड पालना गर्नु गराउनु पर्ने। साथै व्यवसायिक, पेशागत र सामुदायिक सङ्घ संस्थाले यो आदेशको पालना गर्ने गराउने र कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापनमा सहयोग गर्नु पर्ने।

साथै यस आदेशको वर्खिलाप हुने गरी मानवीय क्रियाकलाप सञ्चालन गरेको पाइएमा संक्रामक रोग ऐन, २०२० को दफा (२) तथा स्थानीय प्रशासन ऐन, २०२८ ले दिएको अधिकार र केही अन्य अधिकार समेतको प्रयोग गरिनुपर्ने अवस्था आउन नदिनका लागि मानवीय गतिविधिमा स्वयम् वा संस्थागत रुपमा पालना हुन अपिल गरिन्छ। आदेशको वर्खिलाप गरेमा कानून बमोजिम दण्डित गरिने हुँदा संयमता र सचेतना अपनाउन अपिल सहित आदेश जारी गरिएको छ।

२०७८।१०।४

चक्र पाणी पाण्डे
प्रमुख जिल्ला अधिकारी